कालीगण्डकी गाउँपालिका गाउँसभाको उन्नाइसौं अधिवेशनमा
कार्यवाहक अध्यक्ष श्री साबित्रा कोइरालाज्यूद्वारा प्रस्तुत
आर्थिक वर्ष २०८३/८४ को

# नीति तथा कार्यक्रम

कालीगण्डकी गाउँपालिका

## गाउँसभाको सचिवालय

स्याङ्जा जिल्ला, गण्डकी प्रदेश

विक्रम संवत् २०८३ साल असार ५ गते, शुक्रवार

प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँकार्यपालिका र गाउँसभाका सदस्यज्यूहरु, आमन्त्रित व्यक्तित्वज्यूहरु, राजनीतिक दलका प्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, उपस्थित दिदीबहिनी तथा दाजुभाईहरु र पत्रकार मित्रहरु।

१. ऐतिहासिक जनआन्दोलन, त्याग र बलिदानको जगमा निर्मित **नेपालको संविधान** मार्फत स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रको सुखद कार्यान्वयनसँगै स्थानीय सरकारहरू नागरिकको सुख-दुःखको सच्चा सारथी एवं 'घरदैलोको सरकार' का रूपमा स्थापित भएका छन्। सिंहदरबारको अधिकारलाई जनताको आँगनसम्म पुऱ्याउने यस लोकतान्त्रिक महाअभियानमा, यस कालीगण्डकी गाउँपालिकाको **कार्यवाहक अध्यक्ष**को हैसियतले आगामी **आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम** यस सम्मानित गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई गौरव र हर्षको अनुभूति भएको छ।

२. प्रस्तुत नीति तथा कार्यक्रमले पालिकामा विधिको शासन र सुशासनको प्रत्याभूति गर्दै पारदर्शिता र जवाफदेहीतालाई संस्थागत गर्नेछ। स्थानीय स्रोत र साधनको कुशल परिचालनमार्फत तीव्र आर्थिक वृद्धिदर हासिल गर्दै **'समृद्ध गाउँपालिका, सुखी नागरिक'** को दीर्घकालीन लक्ष्य प्राप्तिमा यसले जग बसाल्नेछ। आम नागरिकको अटुट विश्वास र आकांक्षाहरूलाई मूर्त रूप दिन र कालीगण्डकीलाई एक नमुना स्थानीय सरकारका रूपमा रूपान्तरण गर्न स्थानीय सरकार प्रतिबद्ध छ ।"

३. यस महत्वपूर्ण समयमा सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक शासन प्रणालीको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्न जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। सहिद, बेपत्ता तथा घाइते परिवारप्रति उच्च सम्मान प्रकट गर्दै घाईतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। नेपालको युगान्तकारी अग्रगामी परिवर्तनका लागि भएका संघीय

लोकतान्त्रिक गणतन्त्र, राष्ट्रियता र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानप्रति उच्च सम्मान गर्न चाहन्छु।

४. यस नीति तथा कार्यक्रम तयार गर्दा नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी भएका नीतिगत व्यवस्था, १६औं योजना, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षिय योजना, चुनावी घोषणा पत्र, स्थानीय सरकार संचालन ऐन २०७४, दिगो विकास लक्ष्य २०३०को मार्गचित्र, स्थानीय आर्थिक सर्वेक्षण, मध्यमकालीन खर्च संरचना र कालीगण्डकी गाउँपालिकाको दोस्रो पञ्चवर्षीय आवधिक योजनाबाट प्राप्त मार्गदर्शन सहित कालीगण्डकी गाउँपालिकाको टोल, वस्ती, वडा भेला हुँदै वडा समिति र विषयगत समितिहरुको बैठक, राजनीतिक दल लगायत सरोकारवालाहरु सँग छलफल, सामाजिक सञ्जाल र बुद्धिजीविहरुसँग अन्तरक्रिया गरी प्राप्त सुझावहरुलाइ मूल आधारको रुपमा लिइएको छु ।

५. समाजमा बेलाबेलामा प्रकट हुने नकारात्मक कार्यको प्रचार गरी संविधान र व्यवस्थापनप्रति अफवाह फैलाई अराजकता सिर्जना गर्दै नेपाली जनताको बलिदान, संघर्ष र आन्दोलनले ल्याएको दुरगामी महत्वका उपलब्धिहरुको रक्षा गर्न यो कालीगण्डकी स्थानीय सरकार आफ्नो ठाउँमा दृढ र अटल छ।

६. लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रही "समृद्ध गाउँपालिका, सुखी नागरिक" युक्त कालीगण्डकी गाउँपालिका निर्माण गर्ने हाम्रो दीर्घकालीन संकल्प र हामीले निर्वाचनको क्रममा हाम्रा मतदाताहरुप्रति अभिव्यक्त गरेका बाचाहरु पूरा गर्ने कार्यमा आगामी आ.व.२०८३/०८४को नीति तथा कार्यक्रमलाई सर्वपक्षीय परामर्शलाई समेत मनन गरी अभिमुख गरेका छौं। यसका लागि दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माणसहित स्थानीय

स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत् **समृद्ध पालिका सुखी नागरिकको** लक्ष्य हासिल गर्न सार्वजनिक, निजी, सहकारी क्षेत्र र समुदायको साझेदारीता विकास गरिनेछ।

७. कालीगण्डकीलाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्दै सु-सांस्कृतिक तथा स्वस्थ्य नागरिक, रोजगार, सीपमूलक गुणस्तरीय शिक्षा, दलित, भूमिहीन, अव्यवस्थित बसोबासी(सुकुम्बासी)हरुलाई वैज्ञानिक व्यवस्थापन गर्ने (जग्गाधनी पुर्जा) कृषि तथा पशुपन्क्षी विकास र स्वच्छ, सफा र सुन्दर योजनाबद्व शहरीकरण, उद्यमशीलता मार्फत् रोजगार उत्पादन, बस्ती विकास तथा पोषणमैत्री र बालमैत्री गाउँपालिकाको रुपमा विकास गर्ने नीति तथा कार्यक्रममा प्रमुख प्राथमिकताको रुपमा लिएको छु।

८. संविधान बमोजिम एकल अधिकारको रुपमा प्राप्त भएका अधिकार क्षेत्र भित्रका विषयहरुमा थप प्रभावकारी कानून निर्माण गरी कार्यक्रम कार्यान्वयन गर्ने, संघीय सरकार र प्रदेश सरकारसँग साझा विषयका अधिकार क्षेत्रको सम्बन्धमा यस स्थानीय तहलाई अधिकतम प्रतिफल प्राप्त हुने गरी सौदाबाजी मार्फत् लाभ प्राप्त गर्ने स्थानीय अवसरलाई उपयोग गर्ने र विकास, समृद्धि र सुशासनमा विशिष्ट पहिचान कायम गर्दै नमूना स्थानीय तहको रुपमा परिचित हुँदै गएको पहिचानलाई गौरवको रुपमा स्थापित गर्नका लागि कार्यगत उत्कृष्ट अभ्यासहरुको अनुशरण तथा नवप्रवर्द्धनशील, बेरुजु फर्छ्यौट, कालीगण्डकी खुसी पाठ्यक्रम, जैविक मल उत्पादन जस्ता कार्यहरुमा विशेष जोड दिइएको छ।

९. ग्रामीण अर्थतन्त्रको बलियो आधार सिर्जना गर्ने, युवा जनशक्तिलाई स्थानीयस्तरमै टिकाई राख्न सामूहिक उत्पादन र रोजगारीका कार्यलाई बढोत्तरी दिने, उत्पादनमा आधारित कृषि प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने, दक्ष मानव संसाधन विकास सँगै मानव पूँजीको विकासका लागि सबल संस्था तथा सक्षम प्रशिक्षकको विकास गर्ने कार्य र गुणस्तरीय भौतिक

पूर्वाधारको दिगोपना कायम गर्ने विषयहरु यस नीति तथा कार्यक्रमको केन्द्रको रुपमा रहेको छ। मूर्त तथा अमूर्तरुपमा रहेका स्थानीय सांस्कृतिक सम्पदाको संरक्षण तथा प्रचारप्रसारको कार्यका लागि यस नीति तथा कार्यक्रमले विशेष प्राथमिकता दिएको छ।

१०. दैनिक करिब २००० युवाहरु रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाले हामी सबैलाई गम्भीर बनाएको छ। विविध कारणले आन्तरिक र बाह्य बसाईसराईको कारण हाम्रा गाउँहरु सुनसान र प्रौढ बस्तीको रुपमा स्थापित भईरहेका छन्। खेतीयोग्य खेतबारीहरु बाझो हुन पुगेका छन्। यस सन्दर्भमा youthless and toothless जनसांख्यिक संरचना भएका वस्तीलाई पुनसंरचित बनाउन युवाहरुलाई स्थानीय तहभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाईलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ।

११. यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनः उत्थानशील क्रियाकलाप मार्फत् अगाडि बढाउदै तीव्र र दिगो आर्थिक विकास गरी "**समृद्व गाउँपालिका, सुखी नागरिक**" को मूल लक्ष्य हासिल हामीले गर्नु परेको छ। यसको लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासको कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ। सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको प्रत्याभूति गराउन गाउँपालिकाको क्षमता विकास गर्ने कार्य समेत अपरिहार्य छ। यसका लागि विद्युतीय सुशासन प्रणालीको सेवा प्रवाह व्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ। आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागीतामूलक सिद्वान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने यस नीति तथा कार्यक्रमको मूल उद्देश्य रहेको छ

**विकास तथा समृद्धिका लक्ष्य प्राप्तिको लागि अवसर तथा चुनौतीहरुः**

**आदरणीय गाउँसभाका सदस्यज्यूहरु !**

**विद्यमान अवसरहरुः**

१. संविधानतः स्थानीय सरकारका २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु।

२. आफ्ना अधिकार  क्षेत्रका विषयहरुमा, ऐन, कानुन र योजना तर्जुमाको अभ्यास हुनु।

३. नीति तथा कार्यक्रम र बजेट तर्जुमा र संचालनका लागि कानुनी व्यवस्था हुनु ।

४. न्यून मात्रामा भए पनि कालीगण्डकी **ए** जलविद्युतबाट रोयल्टी प्राप्त गर्नु।

५. कालीगण्डकी र आँधीखोलालाई बहुउपयोगी नदीको रुपमा उपयोग गरी रोजगारी सिर्जना गर्न र थप विद्युत् उत्पादन गर्न सकिने सम्भावना रहनु।

६. धार्मिक पर्यटकलाई आकर्षण गर्न सकिने सम्भावना रहनु ।

७. कालीगण्डकी गाउँपालिका भित्रका प्रमुख उर्वरशील मलिला फाँटहरुबाट सिंचाई गरी उत्पादन बढाउन सकिने सम्भावना रहनु ।

८. विभिन्न खनिज पदार्थको अध्ययन गरी खानीको विकास गर्न सकिने सम्भावना रहनु।

९. कालीगण्डकीका दक्ष जनशक्तिहरु विभिन्न महत्त्वपूर्ण जिम्मेवारीमा रहनु।

**विद्यमान चुनौतीहरुः**

१. रोजगार उन्मुख सीपमुलक शिक्षाको विकास र युवा जनशक्तिलाई कृषि व्यवसायप्रति आकर्षित गरी रोजगारी सृजना गर्न र **देश भित्र नै अवसर छ** भन्ने कुरामा भरोसा दिलाउन,

२. स्रोत अभावका कारण गुणस्तरीय खानेपानीको दिगो सेवा उपलब्ध गराउन,

३. गुणस्तरीय बिउविजन र मल समयमा उपलब्ध गराउन, उत्पादित कृषिजन्य पदार्थको उचित बजार व्यवस्थापन गर्न,

४. वैदेशिक रोजगारबाट फर्केका सिपयुक्त युवाको सिप तथा पूँजीलाई उद्यम विकासमा उपयोग गर्न,

५. दक्ष जनशक्तिको अभावमा कानुन निर्माण गर्न,

६. निर्माण भएका पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्न र पूर्वाधारको उपयोग, योजना, डिजाइन तथा ड्रईङ विना गरिने पूर्वाधारको संरचना निर्माणको कार्यलाई रोक्न।

७. अब्यवस्थित बस्ती विकास (जस्तैः- भिरालो तथा पहिरो जोखिम भएको ठाँउमा पनि घर तथा भवन निर्माणको कार्यलाई रोक्दै व्यवस्थित बस्ती विकास गर्न),

८. प्राकृतिक स्रोत तथा नदीजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) को अत्याधिक दोहन नियन्त्रण गर्न,

९. एकीकृत सम्पत्ति कर प्रणाली र नक्शा पास प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न,

१०. वैज्ञानिक, जलवायु, उत्थानशील तथा व्यवहारिक एवं उपयुक्त भू-उपयोग योजना तर्जुमा गरी लागु गर्न,

११. गाउँपालिका संचालनको लागि पर्याप्त दक्ष जनशक्ति उपलब्ध गराई labor turnover न्यून गराउन,

१२. विभिन्न समयमा पालिकामा निर्माण भएका पूर्वाधारमा संरचनाको लागत तयार गर्न, मूल्याङ्कन गर्न तथा सेवा प्रवाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना तयार गरी कार्यान्वयन गर्न,

१३. विपद्जन्य परिस्थितिका लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्व्यवस्थापनलाई व्यवस्थित गराउन,

१४. कृषि योग्य जमिनमा उपयुक्त प्रविधियुक्त सिँचाई उपलब्ध गराउन,

१५. सामूहिक खेती प्रणालीको विकास गर्न,

१६. लिफ्टिङ सिंचाई र खानेपानी योजनाहरुलाई दिगो बनाउन,

१७. राजश्व परिचालन गर्न,

१८. फोहोरमैला व्यवस्थापन गर्न,

१९. युवाहरुलाई कृषि कार्यप्रति आकर्षित गर्न,

२०. युवाहरुले खोजे जस्तो छिटो प्रतिफल दिन,

**आदरणीय गाउँसभाका सदस्यज्यूहरु !**

सीमित स्रोत र साधनको अधिकतम परिचालन गरी गाउँपालिकाको सर्वाङ्गीण विकास गर्ने स्पष्ट दृष्टिकोण, गन्तव्य र लक्ष्य सहित चालू आर्थिक वर्षमा गाउँपालिकाले हालसम्म हासिल गरेका प्रमुख उपलब्धिहरु सम्मानित सभा समक्ष संक्षिप्त रुपमा प्रस्तुत गर्न अनुमति चाहन्छु।

१. कालीगण्डकी गाउँपालिकाले आवश्यक कानुन, जनप्रतिनिधिहरुको क्षमता विकास, आवधिक योजना तर्जुमा, राजश्व सुधार कार्य योजना, मध्यकालीन खर्च संरचना, आर्थिक सर्वेक्षण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, जलवायु उत्थानशिलता, शासकीय सुधार, सेवा प्रवाहमा सुदृढीकरण लगायतका क्षेत्रमा स्वास्थ्य, शिक्षा, **हाम्रो खुशी पाठ्यक्रम**, खानेपानी, सिंचाईका कार्यक्रमलाई थप प्रभावकारी बनाउदै लगिएको छ।

२. विधिको शासनमा आधारित पारदर्शी, जवाफदेही, परिणाममुखी एवं नागरिक मैत्री शासन व्यवस्था कायम गर्न आवश्यक कानुनहरु निर्माण गरिएको छ। हाल सम्म २१ वटा ऐन, ५ वटा नियामावली, ५ वटा निर्देशिका ३९

कार्यविधि, ४ वटा आचारसंहिता, ५ वटा मापदण्ड पालिकाको वेबसाइट र राजपत्रमा प्रकाशित गरिएको छ।

३. कालीगण्डकी गाउँपालिकालाई आफ्नै गान, छाप र झण्डा भएको पहिलो स्थानीय तहको रुपमा स्थापित गरिएको छ।

४. आर्थिक वर्ष २०८२/०८३ सम्ममा कालीगण्डकी गाउँपालिकाका सबै घरधुरीमा **"एक घर एक धारा"** अभियान सम्पन्न गर्ने उद्देश्यका साथ अघि बढेकोमा हालसम्म ४४८७ घरधुरीमा धारा जडान भैसकेको छ, भने बाँकी ६४७ घरधुरीमा योजनाहरु चालु आर्थिक वर्षमा सम्पन्न हुने छन्।

५. खोर्दी, सटुका, बास्टारी, तल्लो-माथिल्लो घाकुर सिंचाई, बिर्घाटार लिफ्टिङ, बारीचौर लिफ्टिङ, प्युँघा लिफ्टिङ, मिर्मी लिफ्टिङ, टङ्लेहवा लिफ्टिङ्ग सिंचाई आयोजनाहरु सम्पन्न भएका छन् जस्ले ४०० हेक्टर भन्दा बढी जग्गा सिंचाई हुने छ। बेल्टारी फाँट र भुष्टुङ्ग फाँटमा सिँचाई आयोजनाहरु निर्माणका चरणमा रहेका छन् भने बाँकी फाँटहरु किपट र लसर्घा कोटाकोट लिफ्टिङ्ग योजनाहरु प्राथमिकतामा राखिएकोछ।

६. कालीगण्डकी गाउँपालिका भित्र ७६ कि.मि. सडक कलोपत्रे, ६ कि.मि. सडक ढलान, ६१ कि.मि. ग्रावल, १८४ कि.मि कच्ची सडक रहेको छ भने बाह्रै महिना चल्ने सडक २४५ कि.मी रहेको छ । ७ वटा वडा कार्यालयहरुलाई कालोपत्रे सडकले जोडिएको छ भने सबै माध्यमिक विद्यालयहरुलाई कालोपत्रे सडकसँग जोड्ने कामलाई चालु वर्षमानै सम्पन्न गरिने छ।

७. आयुर्वेद क्षेत्रको नागरिक आरोग्य केन्द्र बाहेक कालीगण्डकी गाउँपालिका भित्रका सम्पूर्ण कार्यालयहरुले आफ्नै भवनबाट सेवा प्रदान गरिरहेको छन्।

८. स्याङ्जा, पाल्पा र गुल्मी जिल्ला जोड्ने  नेपालकै नमूना वडा नं.१ स्थित तीनमुखे पुल, बारीचौर झोलुङ्गे पुल, रानीघाट, आँधिमुहान, रुद्रवेणी र

अरुवा - पाहादी मोटरेवल पुल  निर्माण सम्पन्न भइ संचालनमा आएका छन्।

९. बाँसटारी-मन्द्रान कालीगण्डकी नदी, रिडीपुल पुलक्याम्प, बेल्टारी-दर्पुक कालीगण्डकी नदी र चिउरीबोट-अर्गली कालीगण्डकी नदीको पुल निर्माणको क्रममा रहेको छन्।

१०. २३ रोपनी जग्गामा नमूना ड्रयागन बगैंचा स्थापना तथा पोल र बिरुवा वितरण तथा कागती मिसन कार्यक्रम संचालन गरिएको छ, जसबाट उत्पादित ड्रयागन फ्रुट र कागती निर्यातमा सफलता प्राप्त भएको छ। ।कृषिमा आधारित नवप्रवर्धन कार्यक्रम अन्तर्गत ७० रोपनी जग्गामा सामुहिक खेतीको कामलाई निरन्तरता दिइएकोछ। जस्को कारण राजश्व वृद्धि हुनुका साथै श्रमिकहरुलाई रोजगारी प्राप्त भइरहेकोछ।

११. सयपत्री फूल, कागती, ड्रागन फ्रुट, खसी बोका, प्याज र गेडागुडी(गहते)मा पूर्णतः आत्मनिर्भर बन्दै निर्यात गरिरहेका छौ।र यसको बजारीकरणको व्यवस्थापन पालिकाको तर्फबाट हेफर प्रोजेक्टले गर्दै आएकोछ ।

१२. युवाहरुलाई खेलप्रति आर्कषण गराई राष्ट्रिय तथा प्रदेश स्तरीय खेलाडी तयार गर्ने उद्देश्यका साथ हालसम्म ६ वटा खेल महोत्सव तथा अध्यक्षकप खेलकुद प्रतियोगिता भव्यता सहित सम्पन्न भएको छन्। संघीय संसदको निर्वाचनको कारण चालु आ.वमा खेल सञ्चालन हुन नसकेको र आगामी आर्थिक वर्षमा खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ । यसबाट भलिबल, क्रिकेट, टेकवान्डो लगायत विभिन्न विधामा प्रदेश तथा राष्ट्रिय स्तरका प्रतिभाहरु उत्पादन हुने क्रम बढ्दो छ ।

१३. भपेङ, ठूला बगर बेल्टारी, मिर्मी, चण्डी खेलमैदान (कारीकोट), भुष्टुङमा बहुउपयोगी रंगशाला निर्माणको चरणमा रहेको छ ।टोल-टोलमा भलिबल मैदानहरु निर्माण गरिएका छन्।

१४. २०७७ फाल्गुण १० गतेदेखि संचालनमा ल्याइएको कालीगण्डकी अस्पतालमा हाल २ जना मेडिकल अफिसर सहित ३५ जनाको टोलीमार्फत् १५ बेडको अस्पतालबाट सेवा प्रदान गरिएको छ। अस्पतालमा नागरिक स्वास्थ्य बीमा कार्यक्रम संचालनमा छ। यस गाउँपालिकामा हाल विभिन्न संघ संस्था मार्फत् ३ वटा एम्बुलेन्स र १ वटा गाउँपालिकाको ख वर्गको एम्बुलेन्स सहित ४ वटा एम्बुलेन्सहरु संचालनमा छन्। कालीगण्डकी गाउँपालिकाका सबै नागरिकलाई निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था सहित निःशुल्क उपचारको व्यवस्था मिलाइएको छ। कालीगण्डकी गाउँपालिका वडा नं.४ बिर्घामा नागरिक आरोग्य सेवा केन्द्र समेत संचालनमा ल्याईएको छ।

१५. क्यान्सर, मुटु, मृगौला, सिकलसेल एनिमिया, स्पाइनल इन्जुरी, पार्किन्सन, अल्जाईमर र हेडइन्जुरीको उपचारको लागि अति गरीब बिरामीलाई आर्थिक सहयोग एवं मासिकरुपमा रु ५ हजार औषधी उपचारको लागि भुक्तानी प्रदान गरिएको छ।

१६. स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक, हाम्रो खुसी पाठ्यक्रम हाते पुस्तक र कालीगण्डकी पठनसीप कार्यक्रमको लागि पाठ्यपुस्तकहरु निःशुल्क उपलब्ध गराइएको छ।शिक्षक अभाव भएका विद्यालयहरुमा स्वयंसेवक परिचालन कार्यविधि २०७९ बमोजिम स्वयंसेवक(Volunteer) शिक्षक उपलब्ध गराइएको छ।

१७. विद्यालयहरुमा ICT LAB र विज्ञान प्रयोगशालाको निर्माण गरिएको छ। सबै विद्यालयहरुमा निःशुल्क इन्टरनेट, विद्युतीय हाजिरी र टोल शिक्षा कार्यक्रम संचालन गरिएकोछ।

१८. पोषणमैत्री र बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणका लागि सबै क्षेत्रका सुचकहरु हासिल गर्न विभिन्न क्रियाकलाप तथा योजनाहरु सञ्चालन भएका छन् जसको कारण ७ वटै वडाहरुले पोषणमैत्री स्थानीय शासनको आवश्यक ४९ वटा सुचकहरु पुरा गरेको हुँदा जिल्ला समन्वय

समिति स्याङ्जाले अनुगमन गरी घोषणाको अनुमति प्रदान गरेको छ । असार ४ गतेसम्म वडा नं. २, ३, ५, ६ र ७ ले पोषणमैत्री वडा घोषणा कार्यक्रम सम्पन्न गरि सकेको छ । भने असार ६ गते वडा नं. १ र ४ घोषणा गर्ने कार्यक्रम रहेको छ ।

१९. गाउँपालिका स्तरीय सिटी हल चालु आर्थिक वर्षमा नै सम्पन्न गरिनेछ ।

२०. चालु आर्थिक वर्षमा गाउँपालिकाका व्यवसायिक फर्म तथा समूहबाट १३२६ वटा खसीबोका निर्यात गरी २ करोड ३८ लाख बराबरको निर्यात भएको छ भने सुनौला हजारदिनका आमाहरुलाई लक्षित गरी सञ्चालित अण्डामा आत्मनिर्भर कार्यक्रमबाट वितरण भएको ३ हजार चल्लाबाट ५ लाख ४ हजार अण्डा उत्पादन भएको छ ।

**आदरणीय गाउँसभाका सदस्यज्यूहरु !**

अब म आ.व. २०८३/०८४ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

नेपाल सरकारले लिएको **समृद्ध नेपाल, सुखी नेपाली** को राष्ट्रिय आकांक्षा अनुरूप गाउँपालिकाको शुसासन, पारदर्शीता, जवाफदेहिता सहिताको सेवा प्रवाह गरी उच्च आर्थिक वृद्धिदर हासिल गर्ने र गरिबी निवारण गर्ने लक्ष्यका साथ कालीगण्डकी गाउँपालिकाले लिएको **समृद्ध गाउँपालिका र सुखी नागरिकको** दीर्घकालीन संकल्पलाई साकार पार्न प्रस्तुत नीति तथा कार्यक्रमले यस वर्ष निम्न कार्यक्रमलाई प्राथमिकता दिने नीति लिएको छ ।

**आदरणीय गाउँसभाका सदस्यज्यूहरु !**

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रमः

### क. स्वास्थ्य

१. विभिन्न महामारीका अतिरिक्त क्यान्सर, मृगौला फेल, मुटु रोग जस्ता दीर्घ रोगले समेत समाज त्रसित भएको बेला कालीगण्डकी गाउँपालिकाले स्वास्थ्य क्षेत्रलाई केन्द्र विन्दुमा राखेर यस गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमहरु तयार गरिएको छ। हामी सबैले यस्ता संकटबाट उत्पन्न चुनौतीलाई अवसरको रुपमा उपयोग गरी यस आर्थिक वर्षमा समाजवाद उन्मुख स्वास्थ्य क्षेत्रको इतिहासलाई कायम राख्दै थप योगदान गर्ने नीति लिइनेछ।

२. विभिन्न महामारी र दीर्घ रोगबाट नागरिकको रक्षा गर्न सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न तथा वर्तमान स्वास्थ्य प्रणालीलाई सुदृढ गर्नका लागि आधारभूत स्वास्थ्य इकाईको स्तरोन्नतिलाई प्राथमिकतामा राखिएको छ। कालीगण्डकी अस्पतालबाट विशेषज्ञ सेवा, अनुसन्धानात्मक कार्य सहित डाइग्नोसिस सेवा र दन्त विभागको सेवाको विस्तार गर्ने, रोकथाम, निदान र पुनर्स्थापना सेवालाई सहज र नियमित गरिनेछ । साथै विद्युतीय प्रविधिको प्रयोंगलाई बढाइनेछ।

३. नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकको रुपमा व्यवस्था गरे बमोजिम कालीगण्डकीका नागरिकको जीवन रक्षा गर्नु गाउँपालिकाको जिम्मवारी महसुस गरी गाउँपालिकाका सम्पूर्ण नागरिकहरुलाई रु १ लाख सम्मको **निःशुल्क नागरिक स्वास्थ्य बीमा** कार्यक्रमलाई निरन्तरता दिइनेछ। कालीगण्डकी अस्पतालको स्तरोन्नती गरी कालीगण्डकीका नागरिकहरुलाई निःशुल्क उपचार गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

४. सामुदायिक विद्यालयका विद्यार्थीहरुको नियमित स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

५. शून्य होम डेलिभरीलाई कायम गराउन प्रत्येक गर्भवतीलाई अस्पतालसम्म आउन निःशुल्क एम्बुलेन्स उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ।

६. क्यान्सर, मुटु, मृगौला, सिकलसेल एनिमिया, स्पाइनल इन्जुरी, पार्किन्सन, अल्जाइमर र हेड इन्जुरीको उपचारको लागि अति गरिब बिरामीलाई आर्थिक सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ। आर्थिक अभावका कारण स्वास्थ्य उपचार सेवा पाउन नसकेका अपाङ्ग, असहाय, अशक्त, गर्भवती, जेष्ठ नागरिक र विपन्न वर्गको लागि विशेष सुविधा दिइनेछ। मानसिक रोगका विरामीको लागि संरक्षण गृह, जेष्ठ नागरिकको दिवा सेवा कार्यक्रमलाई निरन्तरता दिदै थप संस्थागत संरचना स्थापना तथा संचालन गर्न सहयोग गर्ने नीति लिइनेछ।

७. मदिरा, लागुपदार्थको दुर्व्यसनबाट ग्रसितलाई स्वस्थ बनाउन विद्यालय शिक्षा तथा Rehab centre (पुनर्स्थापना तथा सुधार केन्द्र) संचालनमा ल्याइने छ।

८. प्रत्येक आधारभूत स्वास्थ्य चौकीहरुमा प्रत्येक चौमासिकरुपमा ४० वर्ष भन्दा माथि उमेर समुहका नागरिकहरुलाई निःशुल्क रुपमा सुगर र पिसाब को जाँच गर्ने व्यवस्था मिलानेछ।

९. पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर लगायतका विभिन्न रोगका बिशेषज्ञ सेवा सहितको घुम्ती स्वास्थ्य शिविर संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ। साथै पाठेघरको मुखको क्यान्सरको प्रत्येक २ हप्तामा एक पटक कालीगण्डकी अस्पताल र चौमासिक रुपमा स्वास्थ्य चौकीहरुमा शिविरको रुपमा पाठेघरको मुखको क्यान्सर स्क्रिनीङ (VIA) नियमित गर्ने व्यवस्था मिलाईने छ।

१०. बालबालिकाको प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्न बालबालिकाको लागि विशेष कार्यक्रमलाई निरन्तरता दिईनेछ।

११. खानेपानी जाँच गर्ने प्रयोगशालालाई निरन्तरता दिइनेछ ।

१२. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधिजन्य वनस्पतिको संरक्षण, खेती प्रवर्धन र प्रशोधनका कार्यहरु संचालन गरिनेछ।

१३. स्वयंसेविका लगायत अन्य अनौपचारिक क्षेत्रमा काम गर्ने मजदुरहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षामा समावेश गर्ने कार्यक्रम निरन्तरा दिइनेछ ।

१४. स्वास्थ्यकर्मी र महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

१५. लागु औषध नियन्त्रणका लागि प्रहरीसंग सहकार्य गर्दै किटजन्य (कालाजार, औलो, डयाङ्गु, स्क्रव टाईफस) रोग सम्बन्धी सरोकारवालासँग अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१६. जनसंख्याको ऋणात्मक वृद्धिदरलाई रोक्न २ भन्दा बढी सन्तान जन्माउने दम्पतिलाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ । साथै **"लक्ष्मीको आगमन, पालिकाको साथः छोरीको सुरक्षित भविष्य, आजैबाट सुरुवात"** गर्नको लागि पोषणबैंक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७. **"स्वस्थ तथा ह्रिष्टपुष्ट बालबालिका हाम्रो पहिचान, पोषणमैत्री पालिका हाम्रो अभियान"** भन्ने मूल नारालाई आत्मसात् गर्दै पोषणमैत्री स्थानीय शासनको घोषणापश्चात दीगोपनाको लागि पञ्चवर्षीय रणनीति स्वीकृत गरी बहुक्षेत्रीय समन्वयन गरी विभिन्न क्षेत्रहरुबाट बजेटको सुनिश्चिता गरी सुचकहरुका क्रियाकलापलाई थप मजबुती गराइनेछ ।

## ख. शिक्षा

१. समाजका युवा जगतमा विचलनका रूपमा देखा परेका विकृतिलाई अन्त्य गरी सभ्य समाज निर्माणमा विशेष जोड दिइनेछ। यसका लागि विद्यालय तहबाट सुरूवात गर्न विद्यालय ९:५० बजे सञ्चालनमा ल्याउने नीतिलाई निरन्तरता दिइनेछ।

२. सरकारी तलबभत्ता लिने जनप्रतिनिधि, कर्मचारी, शिक्षक, व्यवस्थापन समितिहरुका छोराछोरीले सामुदायिक विद्यालयहरुमा अध्यापन गर्ने नीतिलाई निरन्तरता दिदै कडाइकासाथ कार्यान्वयन गरिनेछ।

३. कालीगण्डकी अस्पतालको लागि रेडियोग्राफर र एनेस्थेसिया एसिस्टेण्ट को जनशक्ति उत्पादन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४. कक्षा ८ सम्मका सबै विद्यालयहरुमा स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक निःशुल्क रुपमा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ। साथै स्थानीय पाठ्यक्रममा पाठ्यपुस्तकलाई उपयोगी सीपमा आधारित बनाउन पाठ्यक्रमलाई यस वर्ष अध्यावधिक गरिनेछ।

५. प्राविधिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई प्रोत्साहन गर्न प्राक्टिकल र फिल्ड वर्कमा जोड दिई विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप खाजा खर्च उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ।

६. ECD र विद्यालयका कर्मचारीहरुलाई नेपाल सरकारले घोषणा गरे बमोजिमको न्यूनतम तलब स्केल दिने कार्यलाई निरन्तरता दिईनेछ।

७. **कालीगण्डकी पठन सिप** कार्यक्रमलाई निरन्तरता दिनुका साथै कालीगण्डकी खुशी पाठ्यक्रम एवं नैतिक शिक्षा प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । विद्यालय अनुगमनलाई थप प्रभावकारी बनाउन अनलाइन प्रणालीको विकास गरिनेछ।

८. सूचना र प्रविधिमैत्री शैक्षिक सामग्री उत्पादन र विकासको व्यवस्था मिलाइने छ।

९. विद्यालय फूलबारी कार्यक्रमलाई निरन्तरता दिदै हरित विद्यालय निर्माण गर्न प्रोत्साहन गरिनेछ। विद्यालय व्यवस्थापन समितिलाई तालिमको व्यवस्थासँगै विद्यालय वरिपरि मदिरा, सूर्तिजन्य सामग्री बिक्रीवितरण गर्न पूर्ण रुपमा रोक लगाइनेछ।

१०. मानव संशाधन विकास गर्नलाई संघीय सरकार, प्रदेश सरकार स्थानीय सरकारहरुको संयुक्त लगानी वा पालिकाको आफ्नै लगानीमा प्राविधिक जनशक्ति उत्पादन गर्न आलमदेवी बहुप्राविधिक शिक्षालय मार्फत् प्रत्येक युवालाई सिप मूलक तालिम संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

११. "शिक्षा, संस्कार र स्वदेशमै अवसर" को मूल मर्मलाई आत्मसाथ गर्दै, **'नेपालमा केही हुँदैन विदेशमा नै जानुपर्छ'** भन्ने भ्रमपूर्ण भाष्य र निराशालाई चिर्न विद्यालय तहदेखि नै सकारात्मक चिन्तन र गौरववोध गराउने सन्देशमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ। दक्ष जनशक्तिको पलायन रोक्न र उद्यमशील मानसिकता तयार गर्न विद्यालयहरूलाई नवप्रवर्तन र सकारात्मक सोचको केन्द्रका रूपमा विकास गरिनेछ।"

१२. विद्यालय सुधार कार्यक्रम अन्तर्गत अहिले प्रयोग गरेको सिकाई विधिलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्दै सामुदायिक विद्यालयहरुलाई थप स्रोत साधनको व्यवस्थापन गरिनेछ । प्राविधिक र प्राविधिक धार संचालन गर्ने विद्यालयहरुलाई छात्रवृत्ति उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ।

१३. सामुदायिक विद्यालयहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न निशर्त अनुदानलाई निरन्तरता दिइनेछ।यसको लागि SEE र कक्षा ८ को नतिजालाई मूल आधार बनाइनेछ ।

१४. शिक्षक प्रोत्साहन कार्यक्रम र व्यवसायिक क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ। दलित, अल्पसंख्यक, गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति दिने नीतिलाई निरन्तरता दिइनेछ।

१५. कालीगण्डकी गाउँपालिका भित्रका विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि बैङ्कको साझेदारीमा बचत खाता सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१६. विद्यालयमा भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाइको सुविधा र गुणस्तरीय खानेपानी सुविधा विस्तार गरिनेछ ।

१७. संस्थागत विद्यालयहरुको विभिन्न सूचकहरुको आधारमा वर्गीकरण गरी वैज्ञानिक ढंगले शुल्क निर्धारण गरी लागु गरिनेछ।

१८. विद्यार्थीहरुको क्षमता वृद्वि गर्न र शैक्षिक स्तर वृद्धि गर्न कक्षा ५ र कक्षा ८ को अन्तिम परीक्षा गाउँपालिकाले लिने व्यवस्थालाई निरन्तरता दिइनेछ।

१९. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

२०. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ।

२१. **"उत्कृष्ट शैक्षिक गन्तव्य कालीगण्डकी गाउँपालिका हाम्रो पहिचान"** भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता संस्थाहरुसँग सहकार्य गरिनेछ।

२२. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

२३. सबै विद्यालयहरुमा वैज्ञानिक पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीतिलाई निरन्तरता दिइनेछ र शिक्षकहरुलाई प्रतिस्पर्धा र गुणस्तर परिणामको आधारमा पुरस्कृत गरिनेछ।

२४. शैक्षिक प्रणालीमै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थापन, शैक्षिक पात्रो ब्यवस्थापन, स्रोत ब्यवस्थापन, विद्यालय-अभिभावक बिचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत

विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीतिलाई निरन्तरता दिइनेछ र प्रत्येक विद्यालयको दिवा खाजामा स्थानीय उत्पादनका स्वास्थकर खाजा प्रयोग गरी पत्रु खानालाई विस्थापित गर्ने नीति कडाइका साथ कार्यान्वयन गरिनेछ।

२५. जहाँ विद्यालय, त्यहाँ विद्यार्थी, जहाँ विद्यार्थी, तहाँ शिक्षक भन्ने वस्तुनिष्ठ सिद्धान्तका आधारमा समायोजन र दरबन्दी मिलान गर्ने नीति लिइनेछ ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु !**

## ग. युवा तथा खेलकुद

१. अध्यक्ष कप खेलकुदलाई खेल महोत्सवको रुपमा निरन्तरता दिदै यस वर्ष पनि थप एक खेल थपिने छ ।

२. **नेपालमै केही गरे हुन्छ** भन्ने भावनालाई विकास गर्दै युवाहरुलाई देशप्रति भरोसा र आशा जगाउने कार्यक्रमहरु संचालन गरिनेछ।

३. युवाहरुलाई खेलकुदप्रति आकर्षण बढाउन क्लबलाई योग्यताको आधारमा अनुदान दिने व्यवस्थालाई निरन्तरता दिइनेछ । प्रत्येक वडामा खेल मैदान बनाउने कार्यलाई टोलटोलमा खेल मैदान बनाउनेमा परिणत गरी निरन्तरता दिईनेछ, बनेका खेल मैदानको स्तरोन्नति गरिनेछ।

४. ब्याडमिन्टनको लागि कभर्ड हल, बास्केटबल, टेकाण्डो, जिम्न्यास्टिक र ह्यान्डबललाई समेत आवश्यक कोर्ट निर्माण गर्ने कामलाई निरन्तरता दिइनेछ ।

५. राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउनेलाई प्रोत्साहन गर्ने कामलाई निरन्तरता दिदै थप व्यवस्थित गर्न पदक प्राप्त खेलाडीलाई मासिक भत्ताको व्यवस्था समेत गरिनेछ।

६. युवाहरुलाई आर्थिक र सामाजिक रुपान्तरणका प्रमुख वाहाकको रुपमा परिचालन गरिनेछ। युवामा स्वयंसेवी र सदाचारी भावना विकास गर्न टोलटोलमा युवासंग विभिन्न कार्यक्रम संचालन गरिनेछ।

७. युवा उद्यमशीलता विकासका कार्यक्रमहरु मार्फत् युवालाई "**विदेश हैन बिजनेस**" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

८. युवा बेरोजगारी न्यूनीकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकास तथा युवा लक्षित प्रविधि हस्तान्तरण एंव विभिन्न उत्प्रेरणात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

९. **"एक वडा, एक व्यायमशाला पार्क"** र प्रत्येक विद्यालय र वडाहरुमा योग शिविर संचालनको नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

## घ. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

१. गाउँपालिकाभित्र बसोबास भएका सुकम्बासी र अव्यवस्थित बसोबास गर्नेलाई व्यवस्थित गरी जग्गा धनी पूर्जा दिने काम सम्पन्न गरिनेछ।

२. लैङ्गिक हिंसा, जातीय छुवाछुत लगायतका विविध सामाजिक अन्धविश्वास र विकृतिको अन्त्यका लागि सामाजिक जागरण अभियान तथा सचेतनामूलक कार्यक्रम गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

३. अपाङ्ग भएका व्यक्तिलाई विशेष सहयोग उपलब्ध गराउने नीति लिइनेछ। **बालबालिकामा गरेको लगानी सुनिश्चित भविष्यको थालनी** भन्ने नारालाई आत्मसात् गर्दै कालीगण्डकी गाउँपालिकालाई बालमैत्री स्थानीय शासन घोषणा गरिनेछ।

४. दलित, अपाङ्ग, सीमान्तकृत र विपन्न वर्गहरुको उच्च शिक्षाको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ।

५. लक्षित वर्गको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६. नेपाल सरकारको दिगो विकास लक्ष्यमा उल्लेख भए बमोजिम दाउराको खपतलाई घटाउने, महंगो ग्याँस विस्थापित गरी व्यापार घाटा कम गर्न र विद्युतीय उर्जाको प्रयोगलाई प्रोत्साहित गर्न प्रारम्भ गरिएको विद्युतीय चुलो कार्यक्रमलाई निरन्तरता दिई कालीगण्डकी गाउँपालिकालाई **ग्याँसमुक्त गाउँपालिका** बनाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७. गाउँपालिकामा सरकारी, सहकारी र प्राईभेट सेवा प्रवेशको तयारी कक्षा संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

८. स्थानीय मदिराको उत्पादनलाई ब्राण्डिङ्ग र प्रयोगलाई कानूनी दायरामा ल्याउने नीतिलाई कार्यान्वयन गरिनेछ ।

९. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई थप सुदृढीकरण गरी सञ्चालन गरिनेछ। **ज्येष्ठ नागरिक सम्मान र युवा प्रोत्साहनको** नीतिलाई निरन्तरता दिइनेछ।

१०. महिला आर्थिक सशक्तीकरण योजना तथा महिला अनुशिक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११. स्वधर्म, संस्कृति र असल संस्कार संरक्षणको लागि महिलामञ्चलाई सक्रिय बनाइनेछ।

१२. महिलाहरुको सीप र दक्षता अभिवृद्धि गर्नका लागि महिलामञ्च गठन गरी आधुनिक सीप तथा उत्पादनमा आधारित तालिम सञ्चालनलाई निरन्तरता दिइनेछ।

१३. छुवाछुत तथा जातीय भेदभाव विरुद्धको जनचेतना अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ, हिंसा तथा दुर्व्यवहारप्रति शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

१४. महिला, बालबालिका, दलित, अल्पसंख्यक, भूमिहीन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

१५. ऐतिहासिक कालदेखि दलित तथा शिल्पी समुदायले जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजी लगानी सहयोग गरिनेछ।

१६. ज्येष्ठ नागरिक परिचयपत्र सहित एकीकृत घुम्ती शिविर संचालन गर्दै वडाबाट नै सेवा उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ।

१७. **"हिंसामुक्त कालीगण्डकी गाउँपालिका हाम्रो पहिचान"** अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शून्य सहनशीलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पीडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

१८. गर्भवती महिलाहरुको लागि **बालबालिका तथा किशोरकिशोरीको पोषण सुधार** कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१९. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

२०. बालबालिकाको विशेष प्रतिभा विकास तथा पहिचानका लागि प्रतिभा प्रस्फुटन (**ट्यालेन्ट सो**) कार्यक्रम सचालन गरिनेछ ।

२१. कालीगण्डकी गाउँपालिकाका बालबालिकाहरूलाई गाउँपालिकाको विकास र निर्णय प्रक्रियामा प्रत्यक्ष साझेदार बनाउन **'हाम्रा बालबालिकाः हाम्रा योजनाकार'** नीति अवलम्बन गरिनेछ। प्रत्येक आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपूर्व वडा तथा पालिका तहमा 'बाल भेला' र 'बाल संसद्' आयोजना गरी बालबालिकाहरूको माग, आवश्यकता र नीतिगत सुझावहरू संकलन गर्ने र उनीहरूका योजनालाई पालिकाको बजेटमा प्राथमिकताका साथ समावेश गर्ने व्यवस्था मिलाइनेछ।"

**आदरणीय गाउँसभा सदस्यज्यूहरु !**

**ङ. भाषा, साहित्य तथा संस्कृति सम्बन्धी नीति तथा कार्यक्रमः**

१. **"भाषा संस्कृतिको सम्मान कालीगण्डकी गाउँपालिकाको शान**" सांस्कृतिक संग्रहालयको स्थापना गरी जाति, भाषा, संस्कृतिको संरक्षणमा जोड दिइनेछ । संस्कार, स्थानीय संस्कृति, चाडपर्व र मेलाहरुलाई संरक्षण गरिनेछ । आदिवासी जनजाती, दलित, अल्पसंख्यकहरुलाई संरक्षण गर्ने नीति लिइनेछ।

२. मगर भाषालाई गाउँपालिकाको दोस्रो कामकाजीको भाषाको रुपमा विकास गर्ने नीतिलाई निरन्तरता दिईनेछ। मगर भाषाको पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ । स्थानीय सूचनाहरुलाई मगर भाषामा प्रकाशन गरिनेछ।

३. स्थानीय भाषा, साहित्य, कला, संस्कृति तथा सम्पदाको संरक्षण र सम्बर्द्धन कार्य कालीगण्डकी प्रज्ञा प्रतिष्ठानमार्फत गरिनेछ।

४. कालीगण्डकी गाउँपालिकाभित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी प्रदर्शन गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५. धार्मिक किसिमका बोट बिरुवा रोपण कार्यलाइ प्रोत्साहन गरिनेछ ।पुरानो स्वरुपका चौपारीहरु निर्माण गर्ने कार्यलाइ प्राथमिकता दिइनेछ ।

**२. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रमः**

१ समृद्ध गाउँपालिकाको निर्माणका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई अझ प्रभावकारी बनाइनेछ। बजेट विनियोजन गर्दा संविधानले निर्दिष्ट गरे बमोजिम नेपाल सरकार तथा प्रादेशिक सरकारको नीति, लक्ष्य, समयसीमा र स्थानीय आवश्यकतानुसार लक्ष्य हासिल गर्ने गरी कार्यक्रम तय गरिनेछ। **बजेट निर्माणमा कुशलता, विनियोजनमा दक्षता र कार्यान्वयनमा क्षमता अभिवृद्धि गरिनेछ।**

२ कृषि, पशु, उर्जा, लघु उद्योग, सडक यातायात, भौतिक पूर्वाधार, सूचना प्रविधि र पर्यटनलाई आर्थिक वृद्धिको संवाहकको रुपमा पहिचान गरिने छ। सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रमुख लगानी यिनै क्षेत्रहरुमा केन्द्रित गरिनेछ। गैह्र आवासीय नेपालीहरुलाई यस गाउँपालिकामा आफ्नो ज्ञान, सिप र पूँजी उपयोग गर्न उत्प्रेरित गरिने छ।

३ नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तीकरण तथा वित्तीय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्द्धन र विशिष्टीकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिनेछन् ।

४ सोह्रौं योजनाको रणनीति अनुरुप सूचना प्रविधि, पर्यटन, कृषि, उर्जा र हरित औधोगिकीकरणलाई रोजगारमुखी, आर्थिक वृद्दि एवम् संरचनात्मक रुपान्तरणका नयाँ आधारका रुपमा कार्यान्वयन गर्दै सन् २०३० भित्र दीगो विकासका लक्ष्य हासिल गर्नेतर्फ जोड दिइनेछ।

## क. उद्योग तथा पर्यटनः

१. पर्यटनलाई आकर्षक बनाउन होमस्टे संचालन भएको ठाउँमा पूर्वाधार निर्माण गर्न मौसमी फूलहरु लगाउने लगायतका थप कामहरु गर्न व्यवस्था मिलाइनेछ ।

२. आलमदेवी मन्दिर, भृगुतुङ्गेश्वर मन्दिर, सीता गुफा, हुनमानथान, कट्टीभ्यू टावर, कोठी ढुङ्गालगायत प्राचीन मठ मन्दिरहरुको गुरुयोजना सहित जीर्णोद्धार र संरक्षण गर्ने कामलाई निरन्तरता दिइनेछ । सिद्धगुफा, उत्तरवाहिनी लगायत अन्य क्षेत्रको विकास गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

३. "युवा तथा महिला स्वरोजगारीको आधार खडा गर्न गाउँपालिकाभित्र सञ्चालित होमस्टेहरूको स्तरीकरण गरिनेछ। होमस्टेलाई ग्रामीण

अर्थतन्त्रको मेरुदण्डका रूपमा विकास गर्न **'घर-घरमा रोजगारः होमस्टेबाट आर्थिक सुधार'** अभियान अन्तर्गत पूर्वाधार विकास, डिजिटल प्रवर्द्धन र रैथाने स्वादको प्रवर्द्धनका लागि विशेष सहुलियत र प्रोत्साहन प्याकेज व्यवस्था मिलाइनेछ।

४. धार्मिक पर्यटकलाई व्यवस्थित गर्न आवश्यक प्रचारप्रसार गरिनेछ मुख्य सडकहरुमा प्रचार प्रसारका सामाग्री र जानकारीहरु राखिनेछ ।

५. आँधीमुहान, वैघा गाउँ, कट्टीगाउँ, बारिचौर, गुरुङ्दी गाउँ, आलमदेवीगाउँ र कोटाकोट सहित लसर्घाविसी गाउँलाई पर्यटकीय गाउँको रुपमा विकास गरिनेछ ।

६. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकास गरिनेछ ।

७. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्न विशेष पहल गरिनेछ।

८. पर्यटन मार्फत् आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

९. विभिन्न जातजातिको परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

१०. मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पोषणमैत्री र बालमैत्री गाउँको रुपमा जानकारी गर्न डिजिटल डिस्प्ले /विलवोर्डको थप व्यवस्थित गरिनेछ ।

११. विभिन्न देशहरुमा रहेको पुँजीलाई गाउँपालिकाको उद्योगहरुमा लगानी गर्न प्रोत्साहन गरिनेछ।

१२. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नगरसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

१३. आमा समूह, युवा क्बल, टोल विकास संस्था र विपन्न वर्गहरुको क्षमता विकास गर्दै उद्यमशीलताको तालिम लिन प्रेरित गरिनेछ।

१४. उत्पादन, उत्पादकत्व वृद्धि, रोजगारी सृजना र गरिबी निवारणमा टेवा पुऱ्याउन स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योग विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१५. स्थानीय पूर्वाधार निर्माणमा स्थानीय जनशक्ति परिचालन गर्ने नीति लिइनेछ।

१६. गाउँपालिकामा **एक रोजगार बैंक** स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१७. गाउँपालिकाद्वारा संचालित औद्योगिकग्राममा स्थानीय सूक्ष्म जैविक मल उद्योग चालु वर्षदेखि पूर्णरुपमा संचालनमा ल्याइनेछ।

**आदरणीय गाउँसभाका सदस्यज्यूहरु !**

**ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रमः**

१. निर्वाहमुखी कृषिलाई आधुनिकीकरण र व्यवसायिक बनाउँदै कृषि उपजमा पालिकालाई आत्मनिर्भर तुल्याउन यान्त्रिकीकरण तथा विशिष्टिकरण गरिनेछ। युवालाई आकर्षित गर्न भूमि, कृषि सामग्री, वीमा, खरिद सम्झौता र बजारको बलियो इकोसिस्टम कायम गरिनेछ।

२. माटोको जैविक गुणमा ह्रास आउन नदिन जैविक मलको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन दिदै दिगो कृषि उत्पादन प्रणाली प्रवर्धनको विशेष कार्यक्रम संचालन गरिनेछ।

३. कृषि सेवालाई सर्वशुलभ र पारदर्शी गराउन डिजिटल प्रणालीको विकास गरिनेछ।

४. किसानलाई सहकारी मार्फत् बिक्रीको आधारमा अनुदान दिने नीति लिइनेछ।

५. शित भण्डार र कृषि बजार कार्यक्रमलाई निरन्तरता दिइनेछ। कालीगण्डकी गाउँपालिकालाई अर्गानिक गाउँपालिकाको रूपमा विकास गर्ने नीति अवलम्बन गरिएको कार्यलाई निरन्तरता दिदै रैथानेवालीलाई संरक्षण गरिनेछ।

६. कृषकहरुलाई उत्पादनमा प्रोत्साहन गर्न कृषि एम्बुलेन्स र सहकारी/कृषि समूह मार्फत् उत्पादित वस्तुहरुको बजारीकरणको समेत व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

७. गेडागुडी, तरकारी, खसी, बोका, कुखुरा, रागा र वंगुरको मासु निर्यात गर्ने आधार तयार गरिनेछ।

८. भान्सा सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९. स्थानीय कृषिजन्य उत्पादन, सहकारी/कृषक समूह/सहकारी मार्फत् प्रशोधन/ ग्रेडिङ/ प्याकेजिङ/ लेबलिङ आदि गरी निर्यात गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०. बेमौसमी तरकारी उत्पादन गरी आत्मनिर्भर हुन प्लाष्टिक टनेल निर्माणको लागि अनुदानमा प्लाष्टिक सिट वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ। स्थायी टनेल बनाउने नीतिलाई निरन्तरता दिइनेछ।

११. टोल–टोलमा नर्सरी घरघरमा करेसाबारी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२. ड्रयागन फ्रुट फलफूलको बगैंचा निर्माण गर्ने कार्यलाई निरन्तरता दिन किसानहरुलाई विरुवा र पोलमा अनुदान दिइने नीतिलाई निरन्तरता दिईनेछ। ।

१३. किसानहरुलाई मल ढुवानीमा सहुलियत दिने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१४. भैंसी, बाख्रा र वंगुरको श्रोत केन्द्र विकास गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१५. पशुपंक्षीहरुको पूर्ण खोप सुनिश्चित कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१६. एक वडा एक उत्पादन पकेट क्षेत्र अभियान संचालन गरिनेछ।

१७. पुष्प खेतीको प्रवर्द्धन, प्रशोधन र व्यवसायीकरण गर्न पुष्पखेती कार्यलाई निरन्तरता दिईनेछ।

१८. दूध र मासुमा उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ साथै अण्डामा आत्मनिर्भरता कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१९. डिजिटल प्रविधिबाट पशुपंक्षीको तथ्याङ्क अद्यावधि गरिनेछ । नमूना क्षेत्र छनोट गरी कृषि÷पशु कार्यक्रम संचालन गरिने छ । बजार मागको आधारमा युवा वर्गलाई लक्षित गरी आधुनिक प्रविधिमा आधारित व्यवसायिक कृषि तथा पशुपंक्षी सम्बन्धी तालिम र अनुदानको व्यवस्था गरिने छ ।

२०. तितेपाती, मुसल लिडो र सिस्नो जस्ता खेतीको प्रवर्धन, प्रशोधन र व्यवसायीकरण गर्ने कार्यलाई विस्तार गरिनेछ।

२१. कृषक वर्गीकरण गरी कृषक पेन्सन कार्यक्रम लागू गरिने छ ।

२२. सम्भाव्यताको आधारमा एभोकाडो, ड्रयागन फ्रुट, , सुन्तला, कागती, केरा, लिचि, आप, टिमुर, च्याउ, कफी, स्ट्रवेरी, मौरीपालन सूर्यमुखी फूलको खेती

आदिलाई पकेट क्षेत्रको रुपमा विकास गरी प्रोत्साहन गर्न अनुदानको व्यवस्था गरिने छ ।

२३. सामुदायिक वन तथा बाँझो निजी जग्गामा कृषि वनको रुपमा जडिबुटी र फलफुल खेती विस्तार तथा व्यवसायीकरणमा जोड दिइनेछ ।जस्ले बादर जस्ता वन्यजन्तुलाई नियन्त्रण गर्न सहयोग हुनेछ।

२४. बेरोजगार युवाहरुलाई कृषि/पशु पर्यटन, यातायात र सोसँग सम्बन्धित उद्योगमा आकर्षित गर्न आवश्यक पर्ने पूँजी सामूहिक जमानी र project feasibility को आधारमा सहुलियत ब्याजमा ऋण उपलब्ध गराउने र ब्याजमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।

२५. कृषिजन्य वस्तुको न्यूनतम समर्थन मूल्य तोकी कृषिजन्य उत्पादनहरु बजारीकरण गर्ने व्यवस्था गरिनेछ।

२६. सामूहिक खेती प्रणाली कम्पनी/सहकारी/समुह मार्फत् कृषि जन्य खेतीले गाउँपालिकालाई आत्म निर्भर बनाई निर्यात गरिनेछ र युवाहरुलाई रोजगार सिर्जना गरी बैदेशिक रोजगारीलाई निरुत्साहित गरिनेछ।

२७. कृषिजन्य पदार्थबाट संचालित उद्योगहरुलाई निरन्तरता दिइनेछ।

२८. सूक्ष्म जैविक मलको कार्यक्रम सबै वडाहरुमा शुरुवात गरी प्राङ्गारिक खेती तथा जैविक कृषि प्रणालीलाई प्रोत्साहन गरिनेछ ।जसले विषादी रहित उत्पादनलाई जोड दिनेछ ।

२९. विकास साझेदारीहरुसँगको साझेदारीतालाई फरक मोडलमा संचालन गरिनेछ।

३०. **रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि विशेष प्रबन्ध मिलाइनेछ। गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको खाना उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

३१. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतीकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।

३२. महिलाहरुको आर्थिक उन्नयन/सशक्तीकरणका लागि स्थानीय स्तरमा उपलब्ध कृषिजन्य कच्ची पदार्थबाट निर्माण सम्बन्धी उद्योग सञ्चालन तथा कच्चा श्रोतमा प्रोत्साहन अनुदान सम्बन्धी नीति लिइनेछ।

३३. मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नति गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ।

३४. युवाद्वारा संचालित कृषि उद्यमलाई प्राथमिकतामा राखेर अनुदान दिने व्यवस्था मिलाइनेछ

३५. सरकारी कार्यालय र विद्यालयहरुमा स्थानीय उत्पादनमा आधारित परिकारका खाना प्रयोग गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ।

३६. प्रत्येक वडामा पोषणमैत्री बगैचा निर्माण गर्ने नीति ल्याइनेछ।

३७. हाम्रो स्वास्थ्य स्वस्थ वातावरण र स्वस्थ जनावरहरूमा निर्भर गर्दछ भन्ने तथ्यलाई आत्मसात गर्दै मानव स्वास्थ्य, पशु स्वास्थ्य, कृषि वन तथा वातावरण क्षेत्रको समन्वयमा एक स्वास्थ्य अवधारणा अनुरुप कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३८. पालिकाभित्र बढ्दै गएको बाँझो जमिनको समस्यालाई न्यूनीकरण गर्न खेती योग्य जमिनमा पशुपलानको लागि पोषिलो घासमा आधारित कार्यक्रम सञ्चालन गरी पशुआहारको लागत कम गरिनेछ ।

३९. कृषि क्षेत्रको आधुनिकीकरण र डिजिटल रूपान्तरणका मोबाइल एप्लिकेसन (एप) को प्रयोग गरी गाउँपालिकाभित्रका सम्पूर्ण किसानहरूको डिजिटल तथ्याङ्क संकलन गरिनेछ। यस एपको माध्यमबाट किसान, उत्पादन र बजारलाई प्रविधिसँग जोडी कृषि उपजको बजारीकरणलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।

**ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रमः**

१. सहकारी संस्थालाई उत्पादनसँग जोड्ने नीतिलाई निरन्तरता दिइनेछ।

२. सहकारीहरुलाई मर्ज गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ।

३. सहकारीहरुलाई प्रविधिमैत्री बनाउँदै पारदर्शी गराउन अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ।

४. सहकारीहरुलाई क्षमता विकासको तालिम संचालनको व्यवस्था गरिनेछ।

५. कृषि तथा अन्य विषयगत सहकारीहरूले सोही विशिष्टीकृत क्षेत्रमा मात्र लगानी गर्नुपर्ने विद्यमान नीतिगत व्यवस्थालाई अक्षरसः कार्यान्वयन गरिनेछ।

६. गाउँपालिका, सहकारी र निजी क्षेत्रको सहलगानीमा उद्योग सञ्चालन गरी रोजगारी सिर्जना गरिनेछ।

७. गाउँपालिका भित्र कुनै एउटा सहकारीमा कालोसूचीमा रहेको ऋणीले अर्को सहकारीमा ऋण लिन नपाउने नीतिलाई कडाइका कार्यान्वयन गरिनेछ।

**आदरणीय गाउँसभाका सदस्यज्यूहरु !**

**३. भौतिक पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१. खरको छानो विस्थापित (सुरक्षित आवास) कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२. असहाय र अशक्तहरूको लागि आवास बनाउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३. वडामा र विद्यालयहरुमा सभाहल निर्माण गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

४. चालु आर्थिक वर्ष २०८२/०८३ सम्म अधुरा रहेका योजनाहरुलाई निरन्तरता दिइनेछ ।

५. विर्घाटार लिफ्टिङ सिंचाई, मिर्मी लिफ्टिङं सिँचाई र बारीचौर लिफ्टिङ सिँचाईलाई विस्तार गरिने छ भने, बेल्टारी, फाँट—जरुवा, किपट, भुष्टुङ्ग र कोटाकोट-लसर्घाबिसी लिफ्टिङ सिंचाई जस्ता ठुला आयोजनालाई कार्यान्वयनमा ल्याईनेछ।

६. नेपाल सरकार र प्रदेश सरकारको सहयोगमा वडा नं. ५ र वडा नं. ६ को भपेङमा सुरु भएको उद्योग ग्रामलाई निरन्तरता दिदै संचालन समेत गरिनेछ।

७. गाउँपालिकाको प्रशासनिक कार्यालयसँग सबैवडा कार्यालयहरु, सामुदायिक विद्यालय र स्वास्थ्य इकाईहरुलाई क्रमश कालोपत्रे सडकले जोड्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८. डि.पि.आर. सम्पन्न भएका सम्पूर्ण योजनाहरु यसै वर्षदेखि कार्यन्वयनमा लगिने छ ।बाकी रहेका योजनाहरु समेतको डि.पि.आर. गरिनेछ ।

९. गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम र बजेट मार्फत सम्बोधन गर्न नसकिएका आयोजनाहरूको सम्भाव्यता अध्ययनका लागि गाउँपालिकाबाट आवश्यक थप व्यवस्था गरिनेछ।

१०. सडक नपुगेका वगरसम्म जाने पहुँच मार्ग, सडक नपुगेका टोलहरुमा सडक संजालले जोड्ने र बनिसकेकका सडकको स्तरोन्नति गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

११. पूर्वाधार निर्माणको लागि चाहिने ढुङ्गा, गिट्टी, बालुवाको लागि नदीजन्य स्रोत संकलनलाई थप व्यवस्थित गरिनेछ । र अन्य वैकल्पिक स्रोत पहिचान, उत्खनन तथा प्रशोधन गरी प्रयोग तथा व्यवस्थामा जोड दिइनेछ ।

१२. शालिग्राम लोकमार्ग अन्तरगतको भृगुतुङ्गेश्वर वडा नं.१ देखि वडा नं. २ सम्मको ट्र्याक खोल्न बाँकी काम यसै वर्ष सम्पन्न गरिनेछ ।

१३. यसै आर्थिक वर्षमा १० कि.मी. सडक कालोपत्रे तथा ढलान गरिने छ, , भने २० कि.मी. सडक नाली सहितको ग्राभेल गरिनेछ, ५० कि.मी. सडकको स्तरोन्नति गरिनेछ ।

१४. Contingency (कन्टिन्जेन्सी) तर्फको कम्तिमा २० प्रतिशत रकम मर्मत जम्मा गरी सम्भारकोष खडा गरिनेछ ।

१५. स्थानीय तहबाट रकम विनियोजित आयोजनाहरु उपभोक्ता समिति मार्फत् सञ्चालन गर्न पौष १५ भित्र सम्झौता गरी सक्नुपर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१६. यसै वर्ष सडक गुरु योजना, खानेपानी गुरु योजना , शैक्षिक गुरु योजना, रोजगारी सम्बन्धी र खेलकुद सम्बन्धी गुरु योजना तयार गरिनेछ।

१७. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार र विकास साझेदारी संस्थाहरु बीचको साझेदारीमा सञ्चालित कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१८. सरकारी भवनहरुलाई बालमैत्री, जेष्ठ नागरिकमैत्री, अपाङ्गमैत्री, वातावरणमैत्री, लै.स.सा.स.मैत्री र स्तनपान कक्ष सहितको बनाउँदै लगिनेछ ।

१९. सडकका दायाँबायाका अतिक्रमित भवन तथा टहराहरु सम्बन्धित सडकको मापदण्ड अनुसार हटाउने नीति लिइनेछ ।

२०. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामूलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहीकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी “**आयोजना बैंक”** तयार गरिने नीतिलाई निरन्तरता दिइनेछ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

२१. एकीकृत शहरी तथा वस्ती विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

२२. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७५, भवन आचार संहिता नियमावली २०७५, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२३. गाउँपालिका भित्र पालिकाले तय गरेका सडक मापदण्ड बमोजिम निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२४. निर्माणाधीन मिर्मी र कारीकोट बसपार्कलाई समयमै सम्पन्न गरिनेछ। निर्माण सम्पन्न भएका सडक र नालीमा फोहोर मैला फाल्न तथा संकलन गर्न पाइनेछैन। फोहोर गरेमा तोकिएको जरिवाना असुल गरिनेछ।

२५. चालु आर्थिक वर्षभित्रै कालीगण्डकी गाउँपालिकाका सम्पूर्ण नागरिकको घरधुरीमा ’एक घर, एक धारा को पहुँच पूर्ण रूपमा सुनिश्चित गरिनेछ। साथै, जलवायु परिवर्तनका कारण हुनसक्ने सम्भावित जलश्रोत संकटलाई मध्यनजर गर्दै दीर्घकालीन खानेपानी सुरक्षा र ब्याकअपका लागि ’कालीगण्डकी बृहत् खानेपानी आयोजनाको कार्यान्वयनको प्रक्रिया अगाडि बढाइनेछ। "

२६. **“सुरक्षित सडक, उज्यालो गाउँपालिका”** को अभियानलाई थप सुदृढ बनाउन कालीगण्डकी गाउँपालिकाका मुख्य तथा भित्री सडकहरूमा सडक बत्ती जडान कार्यलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ। सडक बत्तीको दिगो सञ्चालन, रेखदेख र संरक्षणमा स्थानीय सरोकारवालाहरूको स्वामित्व बढाउन युवा क्लब, आमा समूह, टोल विकास

संस्था तथा विभिन्न स्थानीय संघ-संस्थाहरूको सार्वजनिक-सामुदायिक साझेदारीलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

**आदरणीय गाउँसभाका सदस्यज्यूहरु !**

## ४. सूचना तथा सञ्चार प्रबिधि सम्बन्धी नीति तथा कार्यक्रमः

१. हेलो अध्यक्ष कार्यक्रमलाई थप व्यवस्थित गर्दै जनतासँग अध्यक्ष कार्यक्रम संचालन गरिनेछ। विकास निर्माण कार्यक्रमको विद्युतीय अनुगमन प्रणालीको व्यवस्था मिलाइने छ ।

२. सञ्चार तथा पत्रकारिता क्षेत्रको विकासको लागि उचित कार्यक्रमको व्यवस्था गरी स्वतन्त्र पत्रकारिताको विकास गरिनेछ ।

३. सूचना र प्रविधियुक्त पार्कहरू निर्माण र संचालन गर्ने नीति लिइनेछ।

४. डिजिटल मैत्री गाउँपालिकाको नीतिलाई निरन्तरता दिइनेछ।

५. सुचना र प्रविधिमा पहुँच पुर्‍याउन जनप्रतिनिधिहरुलाई तालिमको व्यवस्था गरिनेछ।

६. स्थानीय टिभि च्यानेल/नेपाल टेलिभिजन/एफ.एम.सँगको सहकार्यमा "**हाम्रो कालीगण्डकी गाउँपालिका**" कार्यक्रम सञ्चालन गरिनेछ ।

७. गाउँपालिका क्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ।

## ५. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

४. जनसंख्या वृद्दिदरलाई पुनर्स्थापना दरभन्दा कम हुन नदिने गरी जनसंख्या नीति तर्जुमा गरिनेछ।

५. गाउँपालिका स्थापना भएदेखि हालसम्म निर्माण भएका सम्पूर्ण स्थानीय कानुनहरूको डिजिटल र भौतिक अभिलेखलाई व्यवस्थित रूपमा अद्यावधिक गरि प्रदेशमा अभिलेखिकरण गरिनेछ।

## ६. सुशासन सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रमः

१. भ्रष्ट्राचारलाई शून्य सहनशीलताको नीति अवलम्बन गरी सार्वजनिक सेवा प्रवाहलाई छिटोछरितो मितव्ययी, पारदर्शी, जवाफदेही, गुणस्तरीय, परिणाममुखी, नागरिकमैत्री र प्रभावकारी बनाई डिजिटल गाउँपालिकामा सुशासन कायम गर्ने नीतिलाई निरन्तरता दिँदै गाउँपालिकालाई कागज रहित (paper less) गराउदै लगिनेछ।

२. सेवा प्रवाह तथा विकास आयोजनाहरूको गुणस्तरीयता प्रभावकारिता अभिवृद्धि गर्न अनुगमन र मूल्याङ्कन गर्ने कामलाई थप प्रभावकारी बनाउन अनलाइन अनुगमन प्रणाली समेतको विकास गरिने छ। जनताको गुनासो सुन्ने तथा पृष्ठपोषण लिने सम्बन्धी नीतिगत तथा संस्थागत संयन्त्रको व्यवस्था गरिनेछ।

३. कार्यरत राष्ट्रसेवक कर्मचारीहरूको उत्प्रेरणा र मनोबल अभिवृद्धि गर्न कार्यसम्पादनका आधारमा प्रोत्साहन गर्न सकिने नीति अवलम्बन गरिने छ। स्थानीय स्थायी/करार कर्मचारी कोष निर्माणलाई निरन्तरता दिइनेछ। तोकिएको जिम्मेवारी तोकिएको समयमा पूरा गर्नेलाई प्रोत्साहन र नगर्ने राष्ट्रसेवक कर्मचारीलाई कारबाहीको दायरामा ल्याइनेछ।

४. गाउँपालिकाभित्रका सबै सरकारी कार्यालय विद्यालयहरुमा विद्युतीय हाजिरीलाई थप प्रभावकारी र अनिवार्य बनाई निरन्तरता दिइनेछ। सबै

सरकारी कार्यालयहरुलाई सिसि क्यामेराको दायरामा ल्याईनेछ, र गाउँपालिकाको कार्यलयबाट नै अनलाइन अनुगमन गरिने प्रविधिलाई विद्यालय, अस्पताल, वडा कार्यालय र स्वास्थ्य चौकीहरुलाई अनुगमन गर्ने प्रणालीको विकास गरिनेछ।

५. प्रत्येक आ.व.को कार्यक्रमको वार्षिक कार्यक्रम तयार गरी प्रत्येक महिनाको खर्च दोस्रो महिनाको पहिलो हप्ता भित्र वेवसाईट मार्फत् सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६. गाउँपालिकामा संचालन भएको भुक्तानीहरु पूर्ण रुपमा विद्युतीय कोष हस्तान्तरण (EFT) मार्फत् गरिएको कामलाई निरन्तरता दिइनेछ ।

७. आर्थिक मितव्ययितता कायम गर्ने, प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्र्यौट गर्ने कार्य अगाडि बढाईनेछ।

८. पूर्वाधारहरुको निर्माणलाई गुणस्तरीय बनाउन हाल संचालनमा रहेको Civil Lab लाई थप व्यवस्थित बनाईनेछ।

९. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पूर्ण नागरिक समक्ष पुर्‍याउन **“हाम्रो गाउँपालिका”** नामक मोबाइल एप्स निर्माण गरी वडा पत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि-वाईफाई जोन बनाउने नीतिलाई निरन्तरता दिइनेछ।

१०. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा, पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. क्यामेरा जडान गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ।

११. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१२. कालीगण्डकी गाउँपालिका भित्र रहेका औपचारिक र अनौपचारिक क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन गर्न योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई निरन्तरा दिईनेछ ।

१३. विपन्न र न्यून आय भएका घर परिवार र गरिब पहिचान परिचयपत्र भएका घरपरिवारलाई लक्षित कार्यक्रमहरु संचालन गर्ने र रेखाङ्कन गर्ने नीति लिइनेछ।

१४. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य गर्ने नीति तर्जुमा गरिनेछ। यसको लागि आवश्यक ऐन कानुन निर्माण गरिनेछ।

१५. गाउँपालिका मार्फत् विभिन्न समूह, संस्थाहरूको लागि विनियोजन भएका रकमहरू कार्यान्वयन गर्न कानून बमोजिम दर्ता भएका समूह संस्थाहरूलाई मात्र मान्यता दिने नीतिलाई प्रोत्साहित गर्ने नीति लिइनेछ।

१६. प्रशासनिक क्षेत्रको क्षमता अभिवृद्धि गर्ने, उत्प्रेरणा सिर्जना गर्ने तथा तटस्थ प्रशासनको आधारभूत मूल्यमान्यतालाई कायम गराउने कार्यलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। नागरिकमैत्री सार्वजनिक सेवा प्रवाहलाई थप चुस्त र प्रभावकारी बनाइनेछ। कर्मचारीमा सेवा प्रवाहमा नवप्रवर्तन स्थापना गर्नका लागि असल अभ्यास सिकाइ सञ्चालन गरिनेछ। दरबन्दी बमोजिमको कर्मचारी रिक्तताको पूर्ति र कर्मचारी टर्नओभरलाई विशेष ध्यान दिई सो मा गरिनुपर्ने सुधारका लागि आवश्यक कार्य गरिनेछ। कर्मचारी र स्थानीय जनप्रतिनिधि विचको भावनात्मक सम्बन्ध कायम गर्न र क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१७. उपभोक्ता समिति, टोल विकास समिति, सामुदायिक वन समिति, खानेपानी समितिहरुको क्षमता अभिवृद्धि गर्न तालिम तथा गोष्ठीहरु सञ्चालन गरिनेछ।

१८. कालीगण्डकी गाउँपालिका स्थापनाको एक दशकका अवधिमा हासिल भएका ऐतिहासिक, भौतिक, सामाजिक र आर्थिक उपलब्धिहरूलाई संस्थागत रूपमा अभिलेखीकरण गरी आम नागरिक समक्ष व्यापक प्रचार-प्रसार गर्ने व्यवस्था मिलाइनेछ।

१९. बालमैत्री तथा पोषणमैत्री स्थानीय शासन अन्तर्गतका सुचकमा तोकिएका लक्ष्यहरुमा सफलता हासिल गरी दीगोपना सुनिश्चित गर्न कार्यक्रम तथा योजनाहरु सञ्चालन गरिनेछ।

**आदरणीय गाउँसभाका सदस्यज्यूहरु !**

**७. वन, वातवरण, जलवायु , विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

१. बादर लगायत अन्य वन्यजन्तु नियन्त्रणको वैकल्पिक व्यवस्थामा जोड दिईनेछ।

२. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

३. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनीकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ। केराको फाईवरबाट उत्पादित र अन्य वैकल्पिक सामग्रिको प्रयोगलाई प्रोत्साहित गरिनेछ।

४. **हरियाली वातावरण हाम्रो शान, वातावरणमैत्री पालिका हाम्रो पहिचान**, भन्ने नारालाई आत्मसात गर्दै प्रत्येक वडालाई क्रमश वातावरणमैत्री वडा घोषणा गर्दै वातावरणमैत्री स्थानीय शासन लागू गरिने छ।

५. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजी गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडि बढाइनेछ।

६. जलवायु परिवर्तन अनुकूलन सम्बन्धी विभिन्न उत्थानशील कार्यक्रम सञ्चालन गरिनेछ।

७. वन्यजन्तु तथा घरपालुवा जनावरको लागि पिउने पानी, साना सिंचाई तथा जल पुनर्भरण गर्न **एक गाउँ एक पोखरी अभियान** सञ्चालन र मर्मत गर्ने कार्यलाई निरन्तरता दिइने नीति लिइनेछ।

८. तालतलैया, पोखरी, कुवा, चौपारीहरु संरक्षण गर्दै रिचार्ज पोखरी निर्माण र वृक्षारोपण कार्यलाई निरन्तरता दिइनेछ।

९. स्वच्छ सफा कालीगण्डकी गाउँपालिका निर्माणको अभियान अन्तर्गत फोहोरमैलाको दीगो र प्रभावकारी व्यवस्थापनको लागि तीनै तहको सरकारहरु मिली बहुउपयोगी व्यवस्थापन स्थल निर्माणको कार्यलाई निरन्तरता दिईनेछ।

१०. भू-सूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।

११. विपद् जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पूर्व तयारी, विपद् न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ व्यवस्थित र प्रभावकारी वनाइनेछ ।

१२. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

१३. भूकम्पीय जोखिम न्यूनीकरणको लागि भूकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

१४. विपदद्वारा सिर्जित विभिन्न जोखिमहरु व्यवस्थापन गर्न मूल्याङ्कनको आधारमा क्षतिपूर्तिको व्यवस्था गरिनेछ।

१५. स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. इलाका प्रहरी कार्यालय जैपते, बिर्घा प्रहरी चौकीमा विपद्को लागि आवश्यक पर्ने सामग्री राख्ने व्यवस्था मिलाइने छ।

१७. विपद्जन्य स्थान पहिचान रेखाङ्कन गरी त्यस्तो बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न प्रोत्साहन गरिनेछ ।साथै बायो इन्जिनियरिङ प्रणालीको विकास गरिनेछ।

१८. विपदबाट विस्थापित भएका परिवारका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको सहभागितामा घर निर्माण गरिनेछ। विपद् जोखिम नियन्त्रण तथा व्यवस्थापन गर्न एक विपद् व्यवस्थापन जोखिम कोष स्थापना गरिनेछ। विर्घा, अधेरी, सटुका, लौझा, खोर्दी, आँधीमुहान तथा अन्य साना तथा ठूला पहिरो र बाढी नियन्त्रणका लागि विशेष प्राविधिक योजना तयार गरी नियन्त्रण गरिनेछ।

१९. विद्यालयहरुमा गठित विपद व्यवस्थापन सम्बन्धी समितिलाई तालिमको व्यवस्था गरिने छ।

२०. नगर प्रहरीहरु थप गरी विपद् व्यवस्थापन सम्बन्धी तालिमको व्यवस्था गरिनेछ।

## ८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. कर संकलनलाई अझ बढी व्यवस्थित बनाउन र कर प्रशासनलाई प्रभावकारी बनाउन समयमा कर तिर्ने, धेरै कर तिर्ने करदातालाई पुरस्कार र भाका नाघी कर बुझाउने करदातालाई दण्डको व्यवस्था गरिनेछ।

२. राजश्व संकलन गर्नको लागि कार्यालयमा हुने कारोबारहरु नगदरहित बनाउन मोबाइल बैङ्किङ बाटै राजश्व संकलन गर्न क्यूआर प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

३. एकीकृत सम्पत्ति करलाई कडाइका साथ लागु गरिनेछ। एकीकृत सम्पत्ति कर सो घोषणा गर्नेलाई प्रोत्साहन गर्न राजश्व छुटको व्यवस्था गरिनेछ। संरचना निर्माण गर्दा नक्सा पास अनिवार्य गरिनेछ र सो नगर्ने नागरिकलाई विद्युत्, खानेपानी, स्वास्थ्य जस्ता क्षेत्रको सुविधाबाट बञ्चित गरिनेछ।

४. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशील कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनीकरण गर्दै लगिनेछ भने नियम अतिक्रमण गर्नेहरुलाई दण्ड जरिवानालाई वृद्धि गरी कडाईका साथ लागू गरिनेछ।

५. वडा कार्यालयहरुमार्फत् घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

६. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ।

७. करदाताहरुलाई आफूले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतीय प्रणालीद्वारा सन्देश प्रवाहित गर्ने नीति लिइनेछ।

८. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

९. वित्तीय संघीयताको मूल मर्म स्थानीय तहका सरकारहरु स्वयंको वित्तीय क्षमता मार्फत् आफ्नो सरकार सञ्चालन गर्न सक्षम हुनुपर्दछ भन्ने नै हो। सेवा प्रवाहमा **सन्निकटताको सिद्धान्त र वित्तीय व्यवस्थामा सक्षमताको सिद्धान्त** बमोजिम कार्य गर्नु पर्ने भएको हुँदा वित्तीय रुपमा सबलता तथा सक्षमताको विकासका लागि उचित अभ्यास गरिनेछ।

१०. तोकिएको कर तथा विविध कर उठाउन प्रयोजन लागि समुदाय स्वयं र जनप्रतिनिधिहरुलाई बढी जिम्मेवार बनाउने नीति अख्तियार गरिनेछ। नागरिकले तिर्ने कर र गाउँपालिकाले नागरिकलाई प्रदान गर्ने सेवा-सुविधाका बीचमा प्रत्यक्ष सम्बन्ध कायम हुने संयन्त्रको विकास

गरिनेछ। कर सिर्जना, कर दायित्व र कर लाभका विषयमा प्रभावकारी कार्यक्रम संचालन गरिनेछ।

११. गाउँपालिकाले भुक्तानी गर्नुपर्ने कर तथा गैरकर रकमको भुक्तानीका लागि आधुनिक प्रविधिको प्रयोग गर्ने कार्यको आवश्यक व्यवस्था मिलाईनेछ।

## ९. रोजगार सम्बन्धी नीति तथा कार्यक्रम

१. कालीगण्डकी गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रलाई समयानुकूल परिमार्जन एवं स्तरोन्नति गरी **'रोजगार, सीप तथा उद्यमशीलता केन्द्र'** को रूपमा विकास गरिनेछ। यस केन्द्रमार्फत रोजगारी सिर्जना, व्यावहारिक सीप विकास, उद्यमशीलता प्रवर्द्धन र श्रम प्रशासन सम्बन्धी सम्पूर्ण सेवाहरूलाई एकीकृत र व्यवस्थित रूपमा प्रवाह गरिनेछ। यसै केन्द्रको समन्वयमा गाउँपालिकाभित्रका पूर्ण रूपमा बेरोजगार तथा विपन्न परिवारका लक्षित सदस्यहरूलाई उत्पादनमूलक विकास निर्माणका कार्यहरूमा आबद्ध गराई न्यूनतम रोजगारीको सुनिश्चितता गरिनेछ ।

२. संघीय सरकार र प्रदेश सरकारको समन्वय र साझेदारीमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना प्रवाह, कानूनी सहायता, बित्तीय साक्षरता तथा मनोपरामर्श सेवालाई निरन्तर संचालन गरिनेछ।

३. वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई स्वदेशमै सीप र क्षमताका आधारमा आयमूलक कार्यमा लाग्न प्रेरित गरिनेछ।

**आदरणीय गाउँसभाका सदस्यज्यूहरु !**

अन्त्यमा, **समृद्ध गाउँपालिका र सुखी नागरिक** निर्माण गर्ने कालीगण्डकी गाउँपालिकाको दीर्घकालीन लक्ष्य प्राप्ति गर्न यो नीति तथा कार्यक्रमको महत्वपूर्ण योगदान रहने विश्वास लिएको छु । सबल र समृद्ध गाउँपालिका निर्माणमा साथ दिनुहुने सम्पूर्ण गाउँपालिकाबासी, नेपाल सरकार, गण्डकी प्रदेश सरकार, राजनीतिक दल, विकास साझेदार संस्था, निजी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, संचार जगत, सुरक्षाकर्मी, नागरिक समाज, गैह्र सरकारी संघ संस्था वर्तमान र निवर्तमान

माननीयज्यूहरु र सम्पूर्ण वर्तमान र निवर्तमान स्थानीय जनप्रतिनिधिहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै आगामि दिनमा यहाँहरुको थप सक्रिय सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद !!!